आर्थिक वर्ष २०८३/०८४

# नीति तथा कार्यक्रम २०८३

के आई सिंह गाउँपालिका

डोटी जिल्ला

सुदुरपश्चिम प्रदेश

२०८३

सभामा पेश भएको मिति: २०८३।०२।२९

सभाबाट स्विकृत भएको मिति: २०८३।०३।१०

प्रस्तुतकर्ता: लोकेन्द्र बहादुर शाही (गाउँपालिका अध्यक्ष)

गाउँ सभाका सदस्य ज्यूहरु,

यस गरिमामय सभामा के.आई.सिंह गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम पेश गर्न पाउदा मलाई गर्वको महशुस भएको छ । यस अवसरमा नेपाल राष्ट्रको रक्षा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवंम मुलुकको सर्वाङ्गिण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ती सशस्त्र संघर्ष एंवम आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

"सामाजिक समुन्नतीको आधारः आर्थिक वृद्धि र दिगो पूर्वाधार" भन्ने मुल नाराका रुपमा रहेको गाउँपालिकाको दिर्घकालिन सोचलाई साकार तुल्याई सामाजिक आर्थिक रुपान्तरण र सुशासन प्रवर्द्धनका लागि यस गाउँपालिकाको समृद्धिको आधारका रुपमा रहेका कृषि, जलस्रोत, पर्यटन, जडिबुटी र साना तथा मझौला उद्योग व्यवसाय लगायतका क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गर्न हामी सबै दृढ संकल्पित छौं ।

गाउँ सभाका सदस्य ज्यूहरु,

अब, म आर्थिक वर्ष २०८२/०८३ मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपब्धीहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण सम्पन्न भई आफ्नै पालिका भवनबाट सेवा प्रवाह गर्दै आएको छ ।
२. गाउँपालिकाको आवधिक योजना र मध्यमकालिन खर्च संरचना तयार भई कार्यान्वयनको चरणमा रहेको छ ।
३. श्रमदान अभियानलाई निरन्तरता दिईएको छ । जस अन्तर्गत वडा नं ५ को बोतडीसैन लिफ्टिङ खानेपानी मा विधुत लाईन विस्तारका लागि विधुत पोलको खाडल खन्ने र गाडने काम श्रमदान मार्फत संचालन गरिएको छ ।
४. स्थानीय सडकहरुको स्तरोन्ती कार्य गरिएको छ । गाउँपालिकाका सबै वडा कार्यालयहरु सडक सञ्जालमा जोडीएका छन ।
५. खानेपानी तथा सिचाई सुविधाको सुनिश्तित्ता गर्न वडा नं २ मा नारी दाडिमाटी लिफ्टिङ खानेपानी योजना र वडा नं ५ मा बोतडीसैन ब्रहमदेव बुहार लिफ्टिङ खानेपानी योजनाहरुको निर्माण कार्य अन्तिम चरणमा रहेका छन ।
६. यस गाउँपालिकालाई उज्यालो गाउँपालिका बनाउने अभियान अन्तर्गत सबै घरधुरीमा विधुत सेवा विस्तारका लागि गाउँपालिकाको लागानी र नेपाल विधुत प्राधिकरण सँगको सहकार्यमा वडा नं १ को गणशेकाडा, ओझाखर्क,ल्वारसैन,भेरडे लगायत अन्य वडाहरुका विद्युत सेवाको पहुच नपुगेका ठाउँहरुमा विद्युत विस्तारको काम भएको छ ।

७. सामाजिक न्याय तथा समाबेशिता कायम गर्न तथा प्राबिधिक शिक्षामा लगानी गरी प्राबिधिक जनशक्ति उत्पादन गर्न झीमे माध्यमिक विद्यालयमा कृषि जे.टी.ए पढीरहेका विद्यार्थिहरुलाई प्रति विद्यार्थि १७ हजारका दरले प्रदान गरिदै आएको छात्रबृत्तिलाई निरन्तरता दिईएको छ ।

८. गाउँपालिकाको विशेषज्ञ चिकित्सकिय सेवा कार्यक्रम अन्तर्गत पालिकाको आयोजनामा २ पटक संचालन गरिएको मानसिक स्वास्थ्य शिविरमा १२१ जना सेवाग्राहिहरुलाई सेवा प्रदान गरिएको छ र निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम अन्तर्गत १७६ जना सेवाग्राहीहरुको स्वास्थ्य चेकजाच गरिएको छ ।

९. के.आई.सिंह गाउँपालिकालाई पूर्ण तथा दिगो खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ ।

१०. संस्थागत विकास तथा सुशासन प्रबर्दन गर्न गाउँपालिकाको प्रत्येक वडा कार्यालयहरु र गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको छ ।

११. दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत दलित समुदायका युवाहरुलाई स्वरोजगार बनाउन विभिन्न सिपमूलक तालिमहरु र सामाग्रीहरु प्रदान गरी असल एवं जिल्लाकै नमुना कार्यक्रमलाई निरन्तरता दिईएकोछ ।

१२. रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुलाई दिगो र भरपर्दो बनाउन गाउँपालिकाको साझेदारीमा बाह्यय निर्माण सामाग्रीहरुको प्रयोग गरी ७ वटा आयोजनाहरु सम्पन्न भई ३२ जना वेरोजगार व्यक्तिहरुले औषतमा १०० दिन बराबरको रोजगारी प्राप्त गरेका छन ।

१३. कृषकहरुको कार्यबोझ कम गर्न गाउँपालिकाद्बारा थ्रेसर खरिद गरी सेवा प्रदान गर्दै आईरहेको छ ।

१४. सार्वजनिक खरिदको कार्यलाई पारदर्शि र मितव्ययी बनाउन विद्युतिय बोलपत्र प्रणाली मार्फत खुल्ला प्रतिस्पर्धा गरी कार्यालयका लागि आवश्यक औजार र सामाग्रीहरुको आपूर्ति गरिएको छ ।

१५. पिलेकाडामा रहेको टुहुरा आवासिय विद्यालयलाई व्यवस्थित गरी संचालन गरिएको छ । २१ जना बालबालिका रहेको उक्त आवासिय विद्यालयको खर्च व्यवस्थापन गाउँपालिका बाट हुदै आएको छ ।

१६. गाउँपालिका भित्रका नागरिकहरुको मृत्यु भएमा अन्तिम यात्रालाई सहज र निशुल्क बनाउन कार्यविधि बनाई लागु गरिएको छ ।

१७. कृषिकहरुको कार्यबोझ कम गर्न ५ वटा हाते मिनि टिलर वितरण गरिएको छ ।

१८. गरिब तथा विपन्न परिवारका लागि आय आर्जन कार्यक्रम अन्तर्गत उन्नत जातको भैसी वितरणको काम भएको छ ।

१९. गाउँपालिकाको गौरवको आयोजनाका रुपमा रहेको मुरेडा, अल्लेवन, घाटलाय, लेकगडा हुदै नारी जोडने सडक निर्माणको कार्यको सुरुवात गरी बहुबर्षिय आयोजनाको रुपमा अगाडी बढाईएको छ ।

गाउँ सभाका सदस्य ज्यूहरु,

आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम तर्जमा गर्दा मुलतः निम्म दस्तावेज तथा मार्गदर्शनलाई आधारको रुपमा लिईएको छ ।

प्रमाणिकरण मिति
०८३।३।१०

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
५. नेपाल सरकारको नीति तथा कार्यक्रम
६. नेपाल सरकारको आर्थिक वर्ष २०८३।०८४ को बजेट बक्तव्य
७. सुदुरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम
८. दिगो विकासका लक्ष्यहरु
९. राष्ट्रिय योजना आयोगका विभिन्न योजनाहरु
१०.के.आई.सिंह गाउँपालिकाको आन्तरिक श्रोत
११.स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन

गाउँसभाका सदस्य ज्युहरु
अब म के.आई.सिंह गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को विषयगत क्षेत्रसँग सम्बन्धित नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. <u>आर्थिक विकास सम्बन्धी नीति:</u>**

**कृषि:**

१. तरकारी तथा फलफूल बालीका साना व्यवसायिक उत्पादन केन्द्र पकेट संचालन गरि एक गाउँ एक उत्पादन कार्यक्रमलाई कार्यान्वयनमा ल्याई खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन तथा नगदेबाली उत्पादन वृद्धि गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ।
२. कृषिलाई निर्वाहमुखीबाट व्यावसायिक प्रणालीमा रूपान्तरण गर्दै बाँझो जमिन उपयोग गरी व्यावसायिक खेती प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ। ओखरखेती र स्याउ खेतीका लागि सम्भाव्य ठाँउहरु पहिचान गरी त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
३. कृषिजन्य उत्पादनका लागि आवश्यक उत्पादन सामाग्रिहरुको व्यवस्था मिलाई सोको उत्पादन, भण्डारण र बजारीकरणको अनुगमन र नियमन गरिनेछ।
४. बैदेशिक रोजगारी बाट फर्किएका युवाहरु तथा कृषि विषय पढेका प्राविधिकहरुलाई व्यवसायिक खेती गर्नका लागि बीउ तथा आवश्यक उपकरणहरुमा अनुदानको व्यवस्था गरिनेछ।
५. जलबायु परिवर्तन र प्रकोपबाट नकारात्मक असर न्यूनिकरण गर्दै जलवायु अनुकुलन तथा उत्थानशिल प्राङ्गारिक कृषि प्रविधिको विस्तार र विकास गरिनेछ।
६. तरकारी, आलु, सुन्तलाजात फलफुल, आँप, लीचि, ओखर, किवी उत्पादनलाई उच्च प्राथमिकता दिइनेछ। बृहत रुपमा फलफूल खेति गर्न तथा बगैंचा स्थापना गर्न, बेर्ना र बिरुवा स्याहारमा अनुदान कार्यक्रम संचालन

प्रमाणिकरण मिति
[illegible]
[illegible]

गरिनेछ । सुन्तलाजात फलफूलमा ह्रास रोग नियन्त्रण तथा बगैंचा पुनर्स्थापनका लागि अभियानका रुपमा कार्यक्रम संचालन गरिनेछ।

७. निर्यातको उच्च सम्भावना बोकेका बालीहरुको पहिचान गरि व्यवसायिक कृषि पेशा अवलम्बन गर्न चाहने कृषकहरुलाई बिउ बिजन,माटो परिक्षण,बाली संरक्षणका कार्यक्रमहरु समेटदै पौष्टिक महत्वका लोपोन्मुख रैथाने बाली संरक्षणका कार्यक्रमहरुमा विशेष जोड दिईनेछ।

८. कृषि उपजहरुको उत्पादन बृद्धि गर्न कृषि यान्त्रिकरण, साना सिंचाइ, प्लाष्टिक पोखरी लगायतमा अनुदान प्रदान गरिनेछ साथै कृषि उपज उत्पादन भण्डारणका लागि चिस्यानयुक्त संरचना निर्माण गरी संचालनका लागि आवश्यक पहल गरिनेछ।

९. कृषि उपजको उत्पादनोपरान्त व्यवस्थापनमा सुद्धढीकरण गर्दै व्यवसायिक तथा भौगोलिक क्षेत्रको आधारमा गुणस्तरीय कृषिजन्य उत्पादन,संकलन, ढुवानी तथा बजारीकरण सहयोगका कार्यक्रम संचालनमा ल्याईनेछन।

१०.नविनतम कृषि प्रविधिको विस्तार,अनुशरण र उपयोगमा प्रभावकारीता ल्याउन आवश्यक उपकरणहरु थ्रेसर,मिनिटिलर आदि अनुदानमा उपलब्ध गराई संचालनमा ल्याईनेछ।

११.तरकारी खेतीको बढोत्तरी गर्दै पालिका भित्र रहेका व्यवसायीक कृषकहरुलाई प्लाष्टिक घरमा तरकारी खेती गर्न प्रोत्साहित गरिनेछ। गाउँपालिकाबाट अनुदान प्रदान गर्न आवश्यक कार्यविधि बनाई लागु गरिनेछ।

१२. वडा नं ४ मा निर्माण भएको कोल्डस्टोरलाई संचालनमा ल्याईनेछ।

**पशुपन्छीः**

१३. पारिवारिक पोषण सुरक्षा कायम गर्ने गरी पशुपंक्षीजन्य बस्तु उत्पादन तथा उत्पादन वृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याई दूध, मासु, अण्डा तथा माछा उत्पादन वृद्धि गरी आत्मनिर्भरता हासिल गर्दै व्यवसायिक पशुपंक्षी पालनमा विशेष जोड दिईनेछ । व्यवसायिक पशुपंक्षी पालन गर्ने कृषकहरुलाई खोर सुधारमा अनुदानको व्यवस्था गरिनेछ। यसका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी लागु गरिनेछ।

१४. पशुपंक्षीजन्य उत्पादन,प्रशोधन,भण्डारण र वितरणमा असल अभ्यासका मापदण्ड तयार गरी लागु गरिनेछ।

१५.पशु रोगको रोकथाम, नियन्त्रण तथा निगरानी प्रणालीलाई थप व्यवस्थित बनाउदै लगिनेछ। पशुपंक्षीहरुलाई आबश्यक पर्ने खोपहरुको समयमै व्यवस्थापन गरि कार्यन्वयनमा ल्याईनेछ।

१६.रैथाने कुखुरापालन, व्यवसायिक बाख्रा पालन,बंगुरपालन तथा घाँस खेति कार्यक्रम संचालन गरिनेछ। नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ।

१७.पशुपंक्षीमा कृतिम गर्भाधान कार्यक्रमलाई प्रोत्साहन गरि संचालनमा ल्याईनेछ। पशुधन संरक्षणका लागि पशु बिमा कार्यक्रम प्रवर्द्धन गरिनेछ।

**सहकारीः**

१८.बचत सुरक्षा र समस्याग्रस्त सहकारी व्यवस्थापनः समस्यामा परेका सहकारीका सञ्चालकहरूको सम्पत्ति व्यवस्थापन गरी बचतकर्ताहरूको रकम सुरक्षित रूपमा फिर्ता गराउने कार्यलाई प्राथमिकता दिइनेछ।

प्रमाणिकरण मिति

१९.उत्पादन र कृषि क्षेत्रमा लगानी: सहकारीहरूलाई बचत र ऋणमा मात्र सीमित नराखी कृषि, पशुपालन, र स्थानीय उद्योग जस्ता उत्पादनमुखी र स्वरोजगार सृजना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

२०.डिजिटल अनुगमन र पारदर्शिता: सबै सहकारीहरूलाई अनिवार्य रूपमा 'कोपोमिस' (COPOMIS) डिजिटल प्रणालीमा आवद्ध गराई तिनको आर्थिक कारोबार र सुशासनको कडा अनुगमन गरिनेछ।

२१.मर्जर र सुदृढीकरण: धैरै संख्यामा रहेका तर कमजोर अवस्थाका सहकारीहरूलाई एकआपसमा गाभिन (Merge) प्रोत्साहन गर्दै "एक व्यक्ति, एक सहकारी" को नियमलाई कडाइका साथ लागू गरिनेछ।

२२.दशैं तिहार जस्ता चाडपर्वका वेला सहुलियत दरमा उपलब्ध गराउँदै आएको नुन, चिनी वितरणलाई अझै व्यवस्थित गर्दै निरन्तरता दिईनेछ ।

२३.सहकारीमा संलग्न सरोकारबालाहरुको पहुँच अभिवृद्धीका लागि सहकारी र निजी क्षेत्र सँगको सहकार्यमा कृषि बिउबिजन,रसायनिक मल लगायतका कृषिसँग सम्बन्धित साम्रागीहरु वितरण गर्न आवश्यक समन्वय गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**उद्योग:**

२४. कृषि तथा पशुजन्य उद्योग संचालन गर्न चाहने वैदेशिक रोजगारबाट फर्केका र व्यावसायिक कृषि कार्यमा संलग्न कृषकहरुलाई प्रोत्साहन गर्न आवश्यक अनुदानको व्यवस्था गरिनेछ । यसका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

२५.गाउँपालिका भित्र घरेलु तथा साना उद्योगको विस्तार गरिनेछ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी अल्लो, ढाका, बास, निगालो, तथा कपास जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई दिईंदै आएको अनुदानलाई निरन्तरता दिईनेछ ।

२६.यस गाउँपालिका भित्र रहेका मझौला, घरेलु तथा साना *उद्योगहरुको विवरण अद्यावधिक* गरी तिनको संरक्षण र सम्बर्द्धनमा जोड दिईनेछ ।

**रोजगार प्रवर्द्धन:**

२७.रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि-२०८३ को मर्म अनुरूप एक-द्वार प्रणाली मार्फत रोजगार दर्ता, सीप परीक्षण, तालिम परामर्श तथा उद्यमशीलता सहायता रोजगार सेवा केन्द्र बाट गरिनेछ ।

२८.वैदेशिक रोजगारीको क्रममा खडीमुलुक र मेलेसीया लगायत विभिन्न गन्तव्य मुलुकहरुमा जाने व्यक्तिहरुलाई पुन:श्रम स्वीकृति कार्यलाई निरन्तरता दिईनेछ ।

२९.गाउँपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्रलाई थप ब्यवस्थित बनाई आन्तरिक रोजगारी प्रर्वद्धन, दक्ष तथा सीपयुक्त जनशक्ती उत्पादन र रोजगारीका अवसर पहिचा गर्न के.आई.सिंह गाउँपालिकाको पाँच वर्षे रोजगार रणनीति बमोजिम कार्य गरिनेछ।

३०.सीपमूलक तालिम प्राप्त गरेका व्यक्तिहरु र कामको अनुभव बाट प्राप्त सीप भएका व्यक्तिहरुलाई सि.टी.ई.भि.टि मा सिप परिक्षण गराउनमा सहजीकरण गरिनेछ।

३१.रोजगार सेवा केन्द्रमा वेरोजगार व्यक्तिहरूको नामावली अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ। बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

प्रमाणिकरण मिति
२०८३।३।१०

**गरिबी न्युनीकरण:**

३२. सामाजिक, आर्थिक र राजनितिक रुपमा पछाडि परेका दलित समुदायहरुको शिक्षा, स्वास्थ्य जस्ता आधारभुत आवश्कताहरु र आयआर्जनको सुनिश्चित्ता गर्न दलितसँग अध्यक्ष कार्यक्रम लाई निरन्तरता दिइएको छ। दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत लोकसेवा/ शिक्षक सेवाका तयारी कक्षा संचालन र आयआर्जन मूलक सिप विकास कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

३३. यस गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख आधार कृषि र पशु क्षेत्रलाई व्यवसायिकिरण गर्दै नागरिकको आय स्रोत बढाई जिवनस्तर उकास्ने गरी कार्यक्रमहरु तर्जुमा गरिनेछ।

३४. आदिवासी जनजाति, अल्पसंख्यक, विपन्न परिवार, फरक पहिचान र क्षमता भएका व्यक्ति वा समुदायको उत्थानका लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

३५. यस के.आई.सिंह गाउँपालिका भित्र रहेका भूमिहिन दलित,भूमिहिन सुकुम्बासी अव्यवस्थित बसोबासीहरुको लगत तथा तथ्याङ्क संकलन गरी तिनको व्यवस्थापनका लागि आवश्यक नीति अबलम्बन गरिनेछ।

**पर्यटन:**

३६. डोटी जिल्लाका ऐतिहाँसिक, साँस्कृतिक र पुरातात्विक महत्व बोकेका सम्पदाहरुको खोज, अनुसन्धान र सामाग्री संकलन गरि के.आई.सिंह संग्रहालय लाई आगामी आर्थिक वर्षमा सञ्चालनमा ल्याई थप व्यवस्थित बनाउदै लगिनेछ।

३७. पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यताका क्षेत्रहरु पहिचान गर्न आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ।

३८. आन्तरिक एवंम बाह्य पर्यटन प्रवर्द्धनका लागि वडा नं १ गणेशकाँडामा होमस्टे संचालन तथा व्यवस्थापन गर्नका लागि स्थानीयहरुलाई अवलोकन भ्रमण तथा तालिम संचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

३९. के.आई.सिंह गाउँपालिकालाई धार्मिक र पर्यावरणीय पर्यटन हवका रुपमा अगाडी बढाईनेछ।

**राजश्व:**

४०. गाउँपालिकाको राजश्व संकलनको क्षेत्रहरु पहिचान गरी राजश्व अभिवृद्धि गर्न राजश्व सुधार योजना निर्माण गरी लागु गरिनेछ।

४१. कुनैपनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारी एवंम योजनाबाट लाभाम्वित उपभोक्ताहरुलाई आफुले व्यक्तिगत रुपमा बुझाउनुपर्ने सम्पति कर,व्यवसाय कर र घर जग्गा बहाल कर लागायत निजको दायित्वमा रहेका कर, शुल्क, दस्तुर आदि तिर्न प्रोत्साहान गरिनेछ।

४२. अपाङ्ग, असहाय, अशक्त, दैविक प्रकोप पिडीत, द्वन्द्व पिडित, जेष्ठ नागरिक र एकल महिलाका विषयमा हुने सिफारिसहरु निशुल्क गरिनेछ।

४३. राजश्व वृद्धि गर्न करका दरमा वृद्धि गर्नु भन्दा कराधारमा वृद्धि गर्ने नीतिलाई निरन्तरता दिईएकोछ।

४४. राजश्व संकलन कार्यलाई थप सुदृढिकरण र आधुनिकिकरण गर्दै राजश्व चुहावट लाई पूर्णरुपले नियन्त्रण गरिनेछ। साथै वडा कार्यालयहरु बाट संकलन भैरहेको भुमिकर अर्थात मालपोत संकलन कार्यलाई थप व्यवस्थित गरिदै लगिनेछ।

४५. राजश्व शाखाको संस्थागत सबलिकरण र आधुनिकिकरण गरिनेछ साथै यस शाखामा कार्यरत जनशक्तिको क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

प्रमाणित प्रति

७८/३/२/१७

**न्यायीक समिति एवंम न्याय सम्पादन:**

४६. मानव अधिकारको संरक्षण ,प्रवर्द्दन र सम्मानका लागि नियमित चेतनामुलक तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

४७. न्यायिक समितिको कार्यसम्पादन लाई थप प्रभाव बनाउन आवश्यक कानुनी परामर्श उपलब्ध गराउन कानुनी सल्लाकारको व्यवस्था गरिनेछ।

४८. मेलमिलाप केन्द्रमा नियुक्ति गरिएका मेलमिलाप कर्ताहरुलाई प्रोत्साहन तथा पुरुस्कृत गर्ने कार्यक्रम लाई अगाडी बढाइनेछ।

४९. माध्यमिक तह सम्मका बिद्याथीहरुलाई नमुना संसदिय अभ्यास सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

५०. न्यायिक समितिका पदाधिकारी,कर्मचारी,तथा मेलमिलाप कर्ताका संयोजकहरुलाई अवलोकन अध्ययन भ्रमण गराईनेछ ।

**२. <u>सामाजिक विकास सम्बन्धी नीति:</u>**

**शिक्षा:**

५१. आगामी ५ वर्ष भित्र सबै बालबालिकालाई आधारभूत शिक्षाको सुनिश्चितता गरिने छ । विद्यालय बाहिर रहेका बालबालिका सबैलाई विद्यालयमा ल्याइने छ ।

५२. टुहुरा बालबालिकाको आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालनपोषणको सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ र उक्त कार्यक्रम सञ्चालन हुने विद्यालयमा पुनर्विचार गरिनेछ।

५३. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माणको प्रबन्ध गरी कार्यान्वयनमा ल्याइने छ ।

५४. जेष्ठ नागरिकबाट नयाँ पुस्ताका बालबालिका तथा युवा वर्गमा ज्ञान सीप तथा अनुभव पुस्तान्तरण गर्न विद्यालय स्तरीय कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. विद्यालय शिक्षालाई प्रविधि मैत्री बनाई शिक्षण सिकाइमा रहेको असमानता कम गर्न र गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्न माध्यमिक विद्यालयहरूमा ICT विज्ञान प्रयोग शाला, पुस्तकालय व्यवस्थापन गरी प्रविधिमैत्री सिकाइ बातावरणको नमुना विद्यालय अवधारणा कार्यान्वयनमा ल्याइने छ ।

५६. विद्यालय सञ्चालन शैक्षिक व्यवस्थापन मौलिक भाषा प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ ।

५७. स्थानीय उत्पादनको उपयोग हुने गरी आधारभूत तहका विद्यार्थीहरूलाई पोषिलो ताजा गुणस्तरीय खाजा उपलब्ध गराउन संघीय दिवा खाजा रकम कार्यान्वयनमा ल्याइनेछ ।

५८. विपन्न गरिब तथा दलित परिवारका बालबालिकालाई दलितसँग अध्यक्ष कार्यक्रम मार्फत छात्रवृत्ति प्रदान गरिनेछ

५९.. प्राविधिक तथा व्यवसायी शिक्षा जोड दिई प्राविधिक धारको शिक्षामा गरिब तथा जेहन्दार छात्रवृत्ति कार्यक्रम निरन्तर सञ्चालन गरिने छ ।

६०. विद्यालयमा साथीलाई सिक्ने सिकाउने प्रणाली प्रोत्साहन गरिने छ ।

६१. शैक्षिक तालिम केन्द्र तथा शिक्षा विकास तथा समन्वय इकाइसँगको समन्वय र सहयोगमा शिक्षकको क्षमता तथा शैक्षिक गुणस्तरमा वृद्धि गरिने । बालविकास शिक्षक तथा आधारभूत तहका शिक्षकहरुका लागि तालिम प्रदान गरिने ।

६२. सामुदायिक विद्यालयहरुमा यथार्थ अवस्था सहितको जनशक्ति व्यवस्थापन गरिने छ ।

प्रमाणीकरण मिति

६३. पालिकाभित्र सम्भावना भएको माध्यमिक विद्यालयमा उच्च शिक्षाको प्रबन्ध मिलाईनेछ ।

६४. शिक्षा ऐन नियमावलीअनुसार विद्यालयमा सक्षम प्रधानाध्यापक नेतृत्वको व्यवस्थापन गरी शिक्षण पेसालाई थप मर्यादित बनाइने छ ।

६५. स्थानीय शिक्षा समूहमा समावेश गरी शैक्षिक वातावरण गुणस्तर सुधारका लागि अवकाश प्राप्त शिक्षक तथा कर्मचारीको ज्ञान, सिप र अनुभवको उपयोग गरिनेछ ।

६६. सरकारी, सामुदायिक तथा संस्थागत शिक्षालयका प्राध्यापक शिक्षक वा कर्मचारीले राजनीति दलको सदस्य हुन नपाउने कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरिने छ ।

६७. विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय समायोजन, तह मिलान र दरबन्दी मिलान तथा पुनरवितरणको कार्य गर्नेछ।

६८. प्रविधिसँग विद्यार्थी छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ। विषेशतः कृषि प्राविधिक धारका विद्यार्थिहरुका लागि सिक्दै,गर्दै र कमाउदै कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

६९. विद्यार्थीसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७०. कक्षा ५ र कक्षा ८ को परीक्षा पालिका स्तरबाट सञ्चालन गरिनेछ।

७१. सामुदायिक विद्यालयहरुमा कक्षा १-५ मा विद्यार्थी संख्या र कक्षा ६-१२ मा विषयगत आधारमा पालिका स्रोतबाट दरबन्दी सिर्जना गरिनेछ।

७२. विद्यालय नक्शाङ्कन, एकीकरण र समायोजनको काम अगाडि बढाइनेछ।

**स्वास्थ्यः**

७३. ७० वर्ष माथीका जेष्ठ नागरिक,पूर्ण अपाङ्गता भएका व्यक्ति र गर्भवती हुन नसकी स्वास्थ्य संस्थाबाट प्रेषण भएका महिलाहरुलाई नजिकको अस्पताल सम्म एम्बुलेन्स सेवा शुल्कमा दिईदै आएको छुटलाई निरन्तरता दिईएको छ । त्यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

७४. मानसिक स्वास्थ्य, नसर्ने रोग तथा बुढ्यौली स्वास्थ्य प्रवर्द्धनको नीति अपनाईनेछ ।

७५. गुणस्तरीय स्वास्थ्य सेवाको सूनिश्चित्ताका लागि स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड,बर्थिङ सेन्टरको सुद्धढीकरण तथा विस्तार गरिनेछ ।

७६. के.आई.सिंह गाउँपालिकामा स्वास्थ्य बिमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ । स्वास्थ्य बिमा सचेतना तथा सम्पूर्ण पदाधिकारी र कर्मचारीहरुलाई अनिवार्य स्वास्थ्य बिमामा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

७७. "म स्वस्थ मेरो पालिका स्वस्थ" भन्ने नारालाई सार्थकता तुल्याउन के.आई.सिंह गाउँपालिकाका जनताहरुलाई सहज र समान स्वास्थ्य सेवाको पहुँचको लागि चिकित्सकिय स्वास्थ्य घुम्ती शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि विषेशज्ञ सहितको एकिकृत चिकित्सकीय स्वास्थ्य सेवा संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७८. परिवार स्वास्थ्यमा सुधार गरी सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य सेवा, सुरक्षीत गर्भपतन तथा खोप सेवालाई सुद्धृढिकरण गरी पूर्ण खोप सुनिश्चित्ता तथा दिगोपना कायम गर्दै मातृ तथा नव शिशु मृत्युदर घटाउन आवश्य कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि महिला स्वास्थ्य स्वय सेविकाहरुलाई प्रोत्साहान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७९. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने निशुल्क औषधीहरु वर्षभरी अभाव हुन नदिने वातावरण बनाइनेछ ।

प्रमाणित गर्ने

२०८१।०३।०८

८०. पोषणमैत्री स्वास्थ्य सेवा तथा स्थानीय खाद्यवस्तुको प्रवर्द्धन गरी कुपोषण रहित समाज निर्माणको नीति अबलम्बन गरिनेछ ।

**पोषण:**

८१. नेपाल सरकारको बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनको लागि लक्षित वर्ग पहिचान गरी पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रम कार्यान्वयन गरिनेछ ।

८२. पोषणमैत्री स्थानीय शासनको नीति अवलम्वन गर्दै गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

**आयुर्वेद:**

८३. नागरिक आरोग्य केन्द्र सञ्चालन: टोल-टोलमा स्वस्थ जीवनशैली, उचित खानपान (आहार-विहार), र दिनचर्याबारे सचेतना जगाउन नागरिक आरोग्य कार्यक्रमहरू सञ्चालन गरिनेछ साथै नसर्ने रोगहरू (जस्तै: उच्च रक्तचाप, मधुमेह, ग्यास्ट्रिक, तनाव) न्यूनीकरणका लागि वडा र समुदाय स्तरमा नियमित योग, ध्यान, तथा प्राणायाम शिविर सञ्चालन गरिनेछ ।

८४. जेष्ठ नागरिक आरोग्य सेवा: जेष्ठ नागरिकहरूको स्वास्थ्य प्रवर्द्धनका लागि विशेष आयुर्वेद परामर्श, 'रसायन' औषधि (रोग प्रतिरोधात्मक क्षमता बढाउने) वितरण तथा स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गर्ने।

८५. गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा जंक फूड (Junk Food) प्रयोगमा न्यूनीकरण गर्दै रैथाने खानपानको प्रवर्द्धन गर्ने र विद्यार्थीहरूलाई योग तथा आधारभूत जडिबुटी पहिचान सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

८६. प्रत्येक घरको करेसाबारी वा गमलामा मरिच, तुलसी, गुर्जो, घिउकुमारी, असुरो जस्ता उपयोगी जडिबुटी रोप्न प्रोत्साहन गर्दै पालिकाका भित्र रहेका सार्वजनिक जग्गा, विद्यालय र आयुर्वेद केन्द्र परिसरमा नमूना जडिबुटी उद्यान निर्माण गर्न आवश्यक पहल तथा समन्वय गरिनेछ ।

८७. यस गाउँपालिकामा स्थापना भएको नागरिक आरोग्य सेवा केन्द्रलाई थप प्रभावकारी एवंम सुदृढिकरण गर्दै लगिनेछ । नागरिक आरोग्य सेवा केन्द्रमा नागरिकको पहुँच अभिवृद्धि गर्दै योग शिक्षा कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

**संस्कृति प्रवर्द्धन:**

८८. के.आई.सिंह संग्रहालयमा प्रदर्शनका लागि राखिने साँस्कृतिक,ऐतिहासिक महत्वका कला संस्कृतिहरुको खोज,अनुसन्धानका लागि खोज,अध्ययन तथा संकलन समिति गठन गरिनेछ । खोज,अध्ययन तथा संकलनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

८९. के.आई.सिंह गाउँपालिका भित्र रहेको बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्दै साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

**महिला बालबालिका तथा सामाजिक समावेशीकरण:**

९०. महिलाहरुको क्षमता विकास र अधिकारहरु सुनिश्चितताका लागि महिलासँग उपाध्यक्ष कार्यक्रमलाइ निरन्तरता दिइएको छ ।

प्रमाणिकरण मिति
२०८२।०३।२५

९१. मानसिक तथा प्रजननसँग सम्बन्धित शारिरिक रोग भएका महिलाहरुको उपचारमा दिईदै आएको सहुलियतलाई निरन्तरता दिईनेछ ।

९२. ५० वर्ष माथिका पत्नी गुमाएका सामाजिक सुरक्षा भत्ता नपाउने पुरुषहरुलाई मासिक रु १०००का दरले प्रदान गरिदै आएको जिवन निर्वाह भत्तालाई निरन्तरता दिईएकोछ ।

९३. बाल संरक्षण मापदण्ड निर्माण गरी विद्यालय,सार्वजनिक तथा निजी संस्थाहरुमा लागु गरिने छ तथा वाल अधिकार समिति सक्रिय बनाउदै वालमैत्री स्थानिय शासन सुदृढ गरिने छ ।

९४. वाल कलव,वाल संजाल तथा युवाहरुको क्षमता विकास, वाल विवाह न्युनिकरण अभियान तथा स्थानिय तहको योजना तर्जुमा प्रक्रियामा वाल कलवको प्रतिनिधित्व अनिवार्य सहभागीता सुनिश्चित गरिने छ ।

९५. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण (GEDSI) परिक्षण गरी प्रतिबेदन सार्वजनिक गरिनेछ र लैंगिक उत्तरदायि बजेट प्रणालिलाई अवलम्बन गरिने छ ।

९६. महिला वालवालिका किशोरी,जेष्ट नागरिक,अपाङ्ग भएका व्यक्ति दलित आदिवासि जनजाती तथा विपन्न समुदायलाई लक्षित गरी आय आर्जन सिप विकास सशक्तिकरण तथा सामाजिका सुरक्षा कार्यक्रम संचालन गरिने छ ।

९७. जेष्ट नागरिक फरक क्षमता भएका व्यक्ति विपन्न तथा गरिविको रेखामुनि रहेका समुदायका लागि आय आर्जन तथा जिवनयापन सहजिकरण कार्यक्रम संचालन गरिने छ । साथै एकल महिला तथा अपाङ्ग भएका व्यक्तिहरुका लागि आय आर्जन कार्यक्रम लाई निरन्तरता दिईने छ ।

९८. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा तथ्याङ्क व्यवस्थापनका लागि Digital apps लाई प्रभावकारीहरुपमा कार्यान्वयनमा ल्याईने छ ।

९९. वालवालिको पोषण,शिक्षा र संरक्षणका लागि अभिभावक अभिमुखिकरण शैक्षिक सामाग्री वितरण तथा छात्रवृति कार्यक्रम संचालन गरिने छ,विशेष गरी टुहुरा,अतिविपन्न तथा अभिभावकविहिन वालवालिकालाई लक्षित गरिने छ ।

१००. मावन अधिकार प्रवद्वन,यौनजन्य हिंसा,साईवर अपराध तथा दुव्यवहार विरुद शिक्षक,प्रहरी तथा सरोकारवाला संग सहकार्यमा सचेतना तथा आत्मरक्षा कार्यक्रम संचालन गरिने छ । गैर कानूनि विवाह न्युनिकरणका लागि विद्यालय तथा समुदाय स्तरमा सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

१०१. गाउँपालिकाको सम्भावित एक वडालाई आगामि आर्थिक वर्ष देखि वालमैत्री वडा घोषणा अभियान संचालन गरिने छ तथा गाउँपालिकालाई वालमैत्री घोषणा गर्ने लक्ष सहित कार्यक्रम संचालन गरिने छ ।

**सरकारी तथा गैरसरकारी संघ संस्था सम्वन्धी नीति:**

१०२. के.आई.सिंह गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

१०३. सरकारी तथा गैर सरकारी संस्थाहरुले गाउँपालिकामा संचालन गर्ने वार्षिक कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने नीति अबलम्वन गरिनेछ ।

**खेलकूद तथा मनोरञ्जन:**

१०४. के.आई.सिंह गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका लागी वार्षिक रुपमा संचालन गरिदै आएको के.आई.सिंह गेम्स (K.I. Singh Games) लाई निरन्तरता दिईनेछ ।

१०५. गाउँपालिका भित्र रहेका आधारभूत तहमा (१-८ कक्षा) अध्ययनरत विद्यार्थिहरुको खेलकुद विकासका लागि अध्यक्ष सँग खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

१०६. गाउँपालिका खेलकुद विकास समिति र के आई सिंह गाउँपालिकाको लोगो सहित जर्सी तयार गरी खेलाडी तथा अफिसियललाई उपलब्ध गराई पालिकाको प्रतिनिधित्वलाई एकरुपता प्रदान गरिनेछ।

१०७. क्रिकेट, भलिबल र कराँते तथा तेक्वान्दो लगायतका खेलका प्रशिक्षक तथा रेफ्रीको रोष्टर तयार गरिनेछ।

१०८. विभिन्न विधाका खेलाडीको विवरण सङकलन गरी सुचिकृत गरिनेछ। खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिई खेलाडीको बीमा, प्रोत्साहन, सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०९. गाउँपालिकाको सम्पूर्ण माध्यमिक विद्यालयहरुमा खेलाडीको पहिचान गर्न र खेल क्रियाकलाप सञ्चालन गराउनका लागि खेल प्रशिक्षकको व्यवस्था गरिनेछ ।

११०. जिल्लास्तर, प्रदेशस्तरका खेलहरुमा गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गराइनेछ ।

१११. खेलाडीलाई प्रशिक्षण कार्यक्रममा सहभागिता जनाउनका लागि सहायत प्रदान गरिनेछ ।

११२. वडा स्तरीय भलिबल, राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप भलिबल प्रतियोगिता, क्रिकेट प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११३. के.आई. सिंह गाउँपालिकाको खेल क्षेत्रको विकासका लागि पालिका स्तरीय खेलमैदान निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## ३. <u>पूर्वाधार विकास सम्बन्धी नीति:</u>

११४. "घरघरबाट बढाउ हात- श्रमदानमा गरौ साथ" भन्ने मूल नाराका साथ के.आई.सिंह गाउँपालिकाले सुरु गरेको श्रमदान अभियानलाई निरन्तरता दिईएको छ । गाउँपालिका भित्रका मुख्य मुख्य योजनाहरु छनौट गरी अति आवश्यक निर्माण सामाग्रीहरुका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११५. गाउँपालिकामा निर्माण हुने भौतिक संरचनाहरुमा स्थानीय स्रोत साम्रगीको उच्चतम प्रयोगमा जोड दिईनेछ ।

११६. गाउँपालिका भित्रको सडक संजाललाई थप दिगो र गुणस्तरीय बनाउन गणेशकाडा भावर लोली खडलेक हुदै महादेव र देवस्थल घट्टेखोला सडकको स्तरोन्नती गरिनेछ । उक्त आयोजनालाई बुहवर्षियोजनाको रुपमा अगाडी बढाईनेछ ।

प्रमाणित गर्ने
[signature]
२०८२।३।१०

११७. गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक मर्मत तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११८. के.आई.सिंह गाउँपालिका भित्र रहेका निर्मित सार्वजनिक सम्पतिहरुको संरक्षण एवम सम्बर्द्धनका लागि संचालन गरिएको मर्मत सम्भार कोषलाई निरन्तरता दिईनेछ ।

११९. चालु आ.ब. २०८२।०८३ मा सम्पन्न हुन नसकेका र क्रमागत योजना तथा कार्यक्रमहरुलाइ बजेटमा समेट्ने निति लिइनेछ ।

१२०. संघीय सरकार र प्रदेश सरकार सँग माग गरेका समपुरक अनुदान र विशेष अनुदानमा समावेश हुन नसकेका खानेपानी आयोजना, खेलमैदान र विद्यालय भवनहरुलाई बहु-वर्षिय आयोजनाको रुपमा आगाडि बढाईनेछ । त्यसका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

१२१. गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचनाहरुको दिगोपनाको सुनिश्चित्ता गरी वातावरणमैत्री,अपाङ्गमैत्री र बालबालिकामैत्री संरचनाहरुको निर्माण गरिनेछ ।

१२२. गाउँपालिका भित्र निर्माण हुने ५ (पाँच) लाख भन्दा माथीका आयोजनाहरुमा आयोजना सूचना पार्टि राख्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

**सूचना तथा संचार प्रविधि:**

१२३. गाउँपालिका भित्रका सबै वडाहरुमा सूचना प्रविधिको पहुँच विस्तारका लागि Fiber Net जडान गर्न सम्बन्धीत निकायहरु सँग सहकार्य गरिने छ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१२४. नागरिकहरुमा सूचनाको पहुँच विस्तार गर्न गाउँपालिकाका हरेक क्रियाकलापहरुलाई वेबसाईट एवंम सामाजिक संञ्जाल मार्फत सार्वजनिकिकरण गरिनुका साथै गाउँपालिकाबाट प्रदान गरिने सेवाहरु सूचना प्रविधिमैत्रि बनाउदै लगिनेछ ।

१२५. डिजिटल नोटिस बोर्ड, LED नोटिस बोर्डको प्रयोगमा जोड दिई गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ ।

१२६. डोटि जिल्ला भित्रका स्थानीय संचार माध्यमहरुको समता मुलक एवंम संस्थागत विकासका लागि स्थानीय संचार माध्यम प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

**खानेपानी व्यवस्थापन:**

१२७. गाउँपालिका भरी स्वच्छ र सफा खानेपानीको व्यवस्था गर्न *एक घर, एक धारा* को नीतिलाई निरन्तरता दिईनेछ ।

१२८. गाउँपालिका भित्र रहेको खानेपानी समस्यालाई समाधान गर्न सरोकारबालाहरुको साझेदारीमा गाउँपालिका स्तरीय बृहत खानेपानी आयोजना संचालनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१२९. ऐतिहाँसिक र धार्मिक महत्व बोकेका पुराना ढुङ्गे धाराको जगेर्ना र संरक्षण गर्न ढुङ्गेधारा संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३०. गाउँपालिकामा निर्माण भई सन्चालनमा रहेका खानेपानी आयोजनाहरुको संरक्षण र सम्बर्द्धन गर्न स्थानीय सरोकारबालाहरुको सहभागीता वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । साथै नयाँ पानिका मूलहरुको

प्रमाणिकरण मिति

पहिचान गरी खानेपानीका मूलहरुको संरक्षणका लागि वृक्षारोपण र Recharge पोखरीहरु निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३१. गाउँपालिकामा निर्माण हुने खानेपानीका संरचनाहरु बालमैत्री र अपांगतामैत्री बनाउदै लगिनेछ।

**सार्वजनीक, सहकारी निजी साझेदारी:**

१३२. के.आई.सिंह गाउँपालिकाले आ.व. २०८२/०८३ मा विभिन्न विषय ,क्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी, गैर सरकारी तथा अन्य गाउँपालिका वा स्थानीय सरकार सँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ।

१३३. यस गाउँपालिका भित्र स्थापना भई संचालनमा रहेका बैंक, लघु वित्त तथा सहकारी संस्थाहरु सँग आवश्यक समन्वय गरि आफ्नो लाभबाट प्राप्त रकमको केहि अंश तथा कर्जा प्रवाहलाई कृषि, उद्योग, पर्यटन लगायतका उत्पादनमुलक क्षेत्रमा प्रवाह गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ।

**भवन तथा भवन संहिता:**

१३४. के.आई.सिंह गाउँपालिकाबाट स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिनेछ।नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन - २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ।

**भू – उपयोग:**

१३५. के.आई.सिंह गाउँपालिकाले समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङ्गा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ।

१३६. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ।

१३७. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित बस्ती विकास र योजनावद्ध एवं दिगो शहरीकरण सुनिश्चित गरिनेछ।

१३८. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ।

## ४. <u>वन,वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति:</u>

**वन वातावरण:**

१३९. वन क्षेत्रको संरक्षणका लागि सामुदायीक बन उपभोक्ता समितिहरु र स्थानीय सरोकारवालाहरु सँगको सहकार्यलाई प्राथमिकतामा राखि आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ।

प्रमाणिकरण मिति

१४०. के.आई.सिंह गाउँपालकाको क्षेत्रभित्र पर्ने तुस्यार खोला देखि बासुदेवी सम्म निर्माणसम्पन्न भएको सडकमा दाँयाबाँया विरुवाहरु रोप्न हरित सडकको अवधारणालाई निरन्तरता दिईनेछ। यसका लागि सम्वन्धित क्षेत्रमा पर्ने सामुदायीक वनहरुको सहयोग र परिचालनमा जोड दिईनेछ।

१४१. वन संरक्षण कार्यक्रमलाई उत्पादन र आय आर्जन सँग जोडि रिठ्ठा, आपँ, निगालो,बास जस्ता वन पैदावरहरु संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४२. वन पैदावरमा आधारित उद्योग स्थापना गर्न चाहने युवा व्यवसायी वा नयाँ उद्यमीलाई प्रोत्साहान गर्न गाउँपालिकाबाट अनुदानको व्यवस्था गरिनेछ।

१४३. सार्वजनिक निर्माणका कार्यहरुलाई दिगो विकास सँग आवद्ध गरि हरित निर्माण र हरित गाउँपालिकाको अवधारणा कार्यान्वयनमा ल्याईनेछ।

१४४. जडीबुटीको व्यवसायीक खेतिको सम्भाव्यता अध्ययन गरी यस गाउँपालिका क्षेत्र भित्र पर्ने औषधियुक्त जडीबुटीहरुको पहिचान गरि तिनको संरक्षणमा विशेष जोड दिईनेछ।

१४५. वातावरण संरक्षणको लागि वैकल्पीक उर्जा (वायो ग्यास,सुधारिएको चुलो,सौर्य उर्जा र विधुतिय चुलो) जडानलाई प्रोत्साहान गर्ने नीति ल्याईनेछ।

१४६. वातावरण प्रदुषण न्युनिकरणका लागि विषेश कार्यक्रमहरु तजुमा गरी लागु गरिनेछ। धुवाँ रहित गाउँपालिकाको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१४७. के.आई.सिंह गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**जलाधार संरक्षण:**

१४८. जनताको खानेपानीमा पहुँच सुनिश्चित गर्न स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ। एक टोल एक पोखरीको अवधारणालाई निरन्तरता दिईनेछ।

१४९. पानीका मुहान वरिपरी वृक्षारोपण र सरसफाई अभियान संचालन गरिनेछ। यसका लागि लाभग्राहि सँगको सहकार्यमा गाउँपालिकाले आवश्यक कार्यक्रमहरु तर्जमा गर्नेछ।

**विपद् व्यवस्थापन:**

१५०. गाउँपालिकाले तयार गरेको स्थानीय उत्थानशिल योजनालाई क्रमिक रुपमा लागु गर्दै लगिनेछ।

१५१. दैविक प्रकोपबाट प्रभावित गरिब,सुकुम्बासी असहाय व्यक्ति र समूहहरुको पहिचान गरी राहत र उद्धारका कार्यहरु संचालन गरिनेछ।

१५२. विपद् व्यवस्थापन तथा राहात कोषको रकम वृद्वी गरिनेछ।

१५३. विपदबाट हुने घटनाहरुमा उद्धार कार्य गर्न,क्षतिको संकलन गर्न, राहात वितरण र पूनः स्थापनका लागि गाउँपालिका स्तरिय तथा वडा स्तरिय दुर्त उद्धार समिति (Rapid Rescue Team) को परिचालनलाई थप व्यवस्थित बनाईनेछ।

१५४. प्राकृतिक तथा मानव सृजित विपद तथा जोखिमहरुबाट मानव समुदायमा पर्ने प्रभावहरुलाई न्यूनकरण गर्न विपद उत्थानसिलता तथा विपद् अनुकुलनका कार्यक्रमहरु संचालन गरि के आई सिंह बासि र यस क्षेत्रका ऐतिहासिक धार्मिक तथा पुरातात्विक महत्वका सम्पदा तथा पूर्वाधारको संरक्षण तथा सम्बर्दन गरिनेछ।

१५५. विपद् पूर्व तयारी, खोज तथा उद्धार गर्न राहत सामाग्रीको पूर्व भण्डारण र वितरणकामा एकरुपता ल्याईनेछ। उक्त कार्यहरुलाई प्रभावकारी बनाउन नागरिक समाज, नीजि क्षेत्र, गैर सरकारी समुदाय तथा अन्य निकाय सँग आवश्यक समन्वय गरिनेछ।

१५६. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको परिचालन र स्थानान्तरण गर्न पहल गरिनेछ।

## ५. संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति:

**मानव संशाधन विकास:**

१५७. उपभोक्ता अधिकारलाई सुनिश्चित गर्न उपयोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण गर्न नियमित अनुगमन गरिनेछ साथै पालिका भित्र रहेका सम्पूर्ण संघ संस्थाहरुको आवश्यकता अनुसार अनुगमनलाई नियमित गरिनेछ।

१५८. कर्मचारी कल्याणकारी कोषको व्यवस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ।

१५९. आन्तरिक तथा अन्तिम लेखा परिक्षणले औंल्याएका बेरुजुहरुलाई फछयौट गरि शुन्य बेरुजु को नीति अवलम्वन गरिनेछ।

१६०. विद्युतीय 'शासन प्रणाली (e-governance system) मार्फत गाउँपालिकाको क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारबाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालनको कार्यलाई अवलम्बन गरिनेछ।

१६१. गाउँपालिका तथा वडा समितिबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सफ्टेवयरको व्यवस्था गरी प्रविधि मैत्री बनाईनेछ।

**फोहोरमैला व्यवस्थापन:**

१६२. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको उत्पत्ति हुने स्थानमा कुहिने र नकुहिने फोहोरको वर्गिकरण गरि फोहोरमैला पुनः प्रयोग, पुनः चक्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१६३. गाउँपालिका, स्वास्थ्य चौकि र वडा कार्यालयहरु बाट निस्कने फोहरमैलाको उपयुक्त स्थानमा भण्डारण, वर्गिकरण र विसर्जनको व्यवस्था गरिने छ।

१६४. गाउँपालिका क्षेत्रभित्र प्लास्टिकका झोलाको प्रयोगलाई न्यूनिकरण गर्न पुन प्रयोगमा ल्याउन सकिने जस्तैः बोरा, जुट कागज लगायत स्थानीय सामग्रीहरुको उत्पादन गर्ने संस्था अथवा व्यक्ति लाई अनुदान दिने नीति अवलम्बन गरिनेछ।

१६५. गाउँपालिकाका मूख्य मूख्य बजार क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि डस्टपिनको व्यवस्थापन गरिनेछ साथै ति स्थानहरुमा फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साईडको स्थापना गर्न आवश्यक जग्गा प्राप्ति गर्न पहल गरिनेछ।

प्रमाणिकरण मिति

**वित्तीय व्यवस्थापन र सुशासन:**

०८२।३।१०

१६६. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता चालू प्रकृतिका प्रशासनिक खर्चमा कटौती गर्दै पूजिगत खर्चमा बढोत्तरी गर्ने नीति लिईनेछ। साथै गाउँपालिका र वडा कार्यालयबाट खरिद गरिने मसलन्द तथा कार्यालय सामग्री, औषधी एवंम उपकरणहरु खरिदमा ई -बिड खरिद प्रणालिको अवलम्बन गरिने छ।

१६७. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा बिशेष अनुदान र सशर्त अनुदानको पुँजिगत खर्च शिर्षकमा प्राप्त रकमको भाद्र महिना सम्म ठेक्का प्रक्रिया प्रारम्भ गरिने नीति अवलम्बन गरिनेछ।

१६८. करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ।

**सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण:**

१६९. के.आई.सिंह गाउँपालिकाको सुशासन नीति र सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण) कार्यविधिहरुको पूर्ण पालना गरी गाउँपालिकालाई सुशासन र सूचना मैत्री गाउँपालिकाको रुपमा परिचित गराईनेछ।

१७०. सार्वजनिक सुनुवाई र समिक्षा कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

१७१. यस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधाहरुको प्रगति तथ्यांक, त्रैमासिक,अर्धवार्षिक र वार्षिक प्रतिबेदनहरु गाउँपालिकाको वेभसाईटमा राखिने छ।

१७२. गाउँपालिकाबाट प्रबाह हुने सेवा प्रवाहलाई अझ बढी खुला पारदर्शि र जनमैत्री बनाउन आन्तरिक नियन्त्रण प्रणालीलाई अझै प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ।

१७३. आगामी आर्थिक वर्षमा गाउँपालिका भित्रका सबै वडाहरुमा टोल विकास समिति गठन एवंम परिचालन गरिनेछ।

गाउँसभा सदस्य ज्युहरु,

अन्तमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्ग निर्देशन गर्नुहुने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु,प्रमुख प्रशासकीय अधिकृत,यस गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरु तथा सम्रग कर्मचारीहरु,विभिन्न राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरु एवंम सम्पूर्ण सरोकारबालाहरुले दिनु भएको सुझावलाई पनि समावेश गर्ने प्रयास गरेको छु। नीति तथा कार्यक्रम र बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सहयोग पुर्याउने गाउँपालिकाका सम्पूर्ण जननिर्वाचित पदाधिकारीहरु,शिक्षक,समाजसेवी,बुद्धिजिवी,पत्रकार,राजनीतिक दलका प्रमुख एवंम प्रनितिधिहरु,यस गाउँपालिकामा अहोरात्र खटिई गाउँ सभालाई सफल पार्नुहुने कर्मचारीहरु,सुरक्षा निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सम्पूर्ण आमाबुबा,दाजुभाई तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनु हुने आम नागरिक विकास साझेदार र अन्य सरकारी गैर सरकारी संघ संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहनेछ भन्ने पूर्ण अपेक्षा लिएको छु।

प्रमाणित

के.आई.सिंह गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बायल,डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४